# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय, डीनको कार्यालय,
## त्रि.वि.,कीर्तिपुर ।

### अस्थायी सम्बन्धन अनुगमन निवेदन फारम

मिति :

श्रीमान् डीनज्यू,

त्रि.वि. व्यवस्थापन संकाय, डीन कार्यालयले मिति २०७५ । १० । २४ गते गोरखापत्रमा प्रकाशित सूचना अनुसार ........................................................................................................ क्याम्पस/कलेजको नविकरणका लागि त्रि.वि. नियमानुसार अनुगमन गरिदिनहुनका लागि तल उल्लेखित विवरण भरी आवश्यक दस्तुर बुझाई हस्ताक्षर सहितको यो निवेदन पेश गरेको छु ।

**क्याम्पस/कलेजको विस्तृत नाम** :-

**ठेगानाः**

गाँउपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाः-

वडा नं.:-  टोलः-

अञ्चलः-  जिल्लाः-  प्रदेशः-

**Email Address**:-

**Website**:-

**क्याम्पसले व्यवस्थापन विषयमा सम्बन्धन लिएको मितिः**-

**क्याम्पस कोड नं**.:-

**यस अघि नविकरण गरिएको मितिः-**

**क्याम्पसको स्वामित्व**:- नीजि/सामुदायिक

**क्याम्पसद्वारा संचालित शैक्षिक कार्यक्रमको विवरण** :-

१)

२)

३)

४)

१) **क्याम्पस संचालक समितिका अध्यक्षको नाम र फोन नं**.:-

२) **क्याम्पस प्रमुख/प्रिन्सिपलको नाम र फोन नं**.:-

भवदीय,

____________________

प्रिन्सीपल/क्याम्पस प्रमुख

द्रष्टव्य : यो फारम वापत रु १०००।- (एकहजार) र अनुगमन शुल्क वापत रु ३०,०००।-(तीसहजार) यस कार्यालयको ने.बैं.ली. चल्ती खाता नं. ०४५००१०००९९०६६००००००१ मा जम्मा गरेको भौचर पनि पेश गर्नु पर्नेछ ।

## त्रि.वि व्यवस्थापन संकाय अर्न्तगत संचालित अस्थायी  सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूले स्थायी सम्बन्धनका लागि र अस्थायी सम्बन्धन नविकरणका लागि आवश्यक शर्तहरू

१. भर्नाको निमित्त योग्यता र आधार विश्वविद्यालयले निर्धारण गरे अनुसारको हुनुपर्ने ।

२. पठनपाठनको न्यूनत्तम स्तर विश्वविद्यालयले तोके अनुसार भएको हुनुपर्ने ।

३. सम्बन्धित क्याम्पस/कलेजले सरकारलाई बुझाउनु पर्ने सबै किसिमका शुल्कहरु नियमित रुपमा बुझाएको हुनुपर्ने ।

४. कलेज/क्याम्पस अनिवार्य रुपमा VAT  मा दर्ता भएको हुनुपर्ने ।

५. निजी सम्बन्धन प्राप्त क्याम्पस/कलेजको कम्पनी ऐन वा यस्तै नेपालसरकारको अन्य कुनै निकायमा दर्ता भएको  हुनुपर्ने ।

६. नेपालीहरुका निमित्त सहुलियत दरमा भर्ना गर्न सुरक्षित स्थानमा भर्ना हुने छात्र  छात्रा सँग विश्वविद्यालयवाट आंगीक क्याम्पसका निमित्त निर्धारण गरेको भन्दा बढी शुल्क नलिएको हुनुपर्ने ।

७. विश्वविद्यालयले निर्धारण गरेको सेवा शुल्क र अन्य शुल्कहरु नियमित रुपमा तिरेको हुनुपर्ने ।

८. विश्वविद्यालयले निर्धारण गरेको ढाँचामा विद्यार्थीहरुको प्रगती मुल्यांकनको अभिलेख  राखिएको हुनुपर्ने ।

९. विश्वविद्यालयले निर्धारण गरेको ढाँचामा क्याम्पसको शैक्षिक, भौतिक आर्थिक र व्यवस्थापन  सम्बन्धि विवरण एवं तथ्याङ्कहरु विश्वविद्यालयलाई उपलव्ध गरिएको हुनुपर्ने ।

१०. सम्बन्धन प्राप्त क्याम्पसहरुले प्रतिवर्षको आम्दानी खर्चको लेखा परिक्षण स्विकृत प्राप्त लेखा  परिक्षकबाट नियमित रुपमा गराएको हुनुपर्ने ।

११. शिक्षक, प्राविधिक तथा व्यवस्थापन सम्बन्धी कर्मचारीहरुको न्यूनत्तम योग्यता विश्वविद्यालयले निर्धारण गरेअनुसार  हुनुपर्ने ।

१२. विश्वविद्यालयबाट संचालन गरिने परीक्षाको प्रयोजनका निमित्त सम्बन्धन प्राप्त क्याम्पस सँग आफ्नै हल, पर्याप्त कक्षाकोठाहरु, प्रयोगशाला , कार्यशाला र आवश्यक अन्य भौतिक सुविधाहरु हुनुपर्ने ।

१३. पुस्तकालयमा प्रर्याप्त मात्रामा (विषेशगरी नयाँ प्रकाशनका) पुस्तकहरु, जर्नलहरु भएको हुनुपर्ने र सो को अभिलेख दुरुस्त राखिएको हुनुपर्ने ।

१४. प्राज्ञिक र व्यवसायिक मर्यादाका सम्बन्धका आचारसंहिताको विधिहरु तोकी सोको  पालना  शिक्षक कर्मचारीहरुबाट गरीएको हुनुपर्ने ।

१५. क्याम्पस संचालन र व्यवस्थापन सम्बन्धी आन्तरिक प्रकृया र आधारहरु निर्धारण गरिएको हुनुपर्ने शिक्षक र कर्मचारीको आचारसंहिता, सेवाका शर्त एंव अधिकार र कर्तव्यहरु निर्धारण गरेको हुनुपर्ने र सोको पालना गराएको हुनुपर्ने ।

१६. विद्यार्थीहरुको आचारसंहिता निर्माण गरी आचारणका विधीहरु तोक्नुपर्ने र सोको पालना गराउनु पर्ने ।

१७. क्याम्पस/कलेजहरुका आफ्ना कर्मचारी र शिक्षकहरु मध्ये कम्तिमा २५५ स्थायी दरवन्दीमा हुनुपर्ने ।

१८. क्याम्पस/कलेजको आफ्नो नाममा भवन अनिवार्य रुपमा हुनुपर्ने, सम्बन्धन प्राप्त क्याम्पस/कलेजका नाममा निम्न वर्गीकरणका आधारमा जग्गा हुनु पर्नेछ :-

क) हिमाली तथा पहाडी शहरी क्षेत्र - साढे तीन रोपनी    ख) हिमाली तथा पहाडी ग्रामीण क्षेत्र -१३ रोपनी

ग) तराई/मधेश शहरी क्षेत्र - पाँच कठ्ठा    घ) तराई/मधेश ग्रामीण क्षेत्र - एक विघाहा

१९. आवश्यकता अनुसार प्रयोगशालाको राम्रो व्यवस्था हुनुपर्ने ।

२०. त्रि. वि.को कुनै पनि कार्यक्रम संचालन भएको कलेज/क्याम्पसमा अन्य कुनै राष्ट्रिय वा अन्तराष्ट्रिय विश्वविद्यालयको कार्यक्रम संचालन नभएको हुनुपर्ने ।

२१. सम्बन्धन प्राप्त भएका क्याम्पस/कलेजले त्रि.वि.को कार्यक्रम संचालन भएको  ठाउँमा स्कूलका कार्याक्रमहरु एउटै समय र भवनमा संचालन नगरेको हुनुपर्ने ।

**दृष्टब्य:**

स्थायी सम्बन्धन प्राप्त गर्नका लागि शर्त नं.३, ४, ५ ,७, १०, १५,  १७, १८, २०, २१ अनिवार्य रुपमा पालना गनुपर्ने छ ।